# याङ्वरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
कोशी प्रदेश नेपाल

सूचना नं. :- ६० - २०८२/८३ मिति:- २०८२/११/२६
नेपाल संवत्: ११४६ चिल्लागा, सप्तमी मङ्गलबार

**सूचना । सूचना ॥ सूचना ॥।**

**आ.व. २०८३/८४ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र राष्ट्रिय रोजगार प्रवर्दन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०८२ को दफा १५ र १७ बमोजिम आगामी आ.व. २०८३/८४ मा याङ्वरक गाँउपालिका मातहतमा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणमा योगदान गर्न ईच्छुक (१८-५९ उमेर समुहका) सामाजिक र आर्थिक अवस्थाबाट वञ्चित महिला, दलित, आदिवासी जनजाति, सिमान्तकृत समुदाय तथा विपन्न बेरोजगार ब्यक्तिहरुले आफु स्थायी बसोबास गरीरहेको वडा कार्यालयमा राष्ट्रिय रोजगार प्रवर्दन कार्यक्रममा न्यूनतम १०० दिन रोजगारिमा संलग्न हुन **२०८२ साल फागुन २६ गते देखि २०८२ साल चैत्र २०** गते सम्ममा फारम भर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु

- नागरिकताको प्रतिलिपी-१ प्रति
- पासपोर्ट साइजको फोटो-१ प्रति
- परिवारका (१८-५९ उमेर समुहका) सम्पुर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपी-१/१ प्रति
- नागरिकतामा भन्दा फरक ठेगाना भएमा विवाह दर्ता वा बँसाइसराइको प्रतिलिप-१ प्रति
- निवेदकको बैक खाता सम्बन्धी विवरण
- निवेदक बैदेशिक रोजगारीबाट फर्केको वा श्रम स्वीकृति लिइ बैदेशिक रोजगारीमा जान नपाएको ब्यक्ति भए सो पुष्टि गर्ने प्रमाणको प्रतिलिप-१/१ प्रति
- निवेदन दिने व्यक्तिले कुनै किसिमको सिपमूलक तालिम लिएको भए सो को प्रमाणपत्रको फोटोकपि १/१ प्रति ।
- अपूर्ण निवेदन स्वत: निष्कृय हुनेछ ।

(नोट :आवेदन फारम वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ
थप जानकारीको लागि रोजगार सेवा केन्द्र वा वडा कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।

रामराज पौडेल
प्रमुख प्रशासकिय अधिकृत

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, वन, पर्यटन र समावेशी समाजको सृजना समाजवाद उन्मुख, दिगो विकास र समृद्धि याङ्वरकको चाहाना"
फोन नं. ०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९
Email: yangwarakruralmun@gmail.com Website : www.yangwarakmun.gov.np

CamScanner